**PRESS RELEASE: FOR IMMEDIATE RELEASE**

December 15, 2023
539, Dashrath Chand Marga,
Baluwatar, Kathmandu, 44600, Nepal

**Press Release: Press Release: Forest Guardian Surya Bhattarai wins Green Ambassadors Award**

**Kathmandu, Nepal** — In recognition of his outstanding dedication and tireless efforts in red panda conservation, Surya Bhattarai, a distinguished Forest Guardian of Red Panda Network, has been selected as a recipient of the prestigious Nepal CMS VATAVARAN Green Ambassadors Award.

Surya has dedicated his life to protecting and conserving wild red pandas and their habitat, demonstrating a deep commitment to the conservation of wild animals. As a dedicated Forest Guardian, he has contributed to preserving biodiversity and set an inspiring example for others to follow.

The award ceremony occurred on Friday, December 15, at the Nepal Tourism Board Auditorium in Kathmandu. Dr. Birendra Prasad Mahato, Hon'ble Minister of Forests and Environment, Government of Nepal, presented the award to Mr. Bhattarai.

CMS VATAVARAN instituted the Green Ambassadors Awards to recognize and encourage grassroots initiatives. These awards aim to showcase and appreciate the endeavors of individuals like Surya Bhattarai, who have made significant contributions to environmental conservation.

Ang Phuri Sherpa, Executive Director, Red Panda Network, said, "*His contribution to red panda conservation has been great, and he is a valued member of our citizen science community. This award is a celebration of his conservation journey, and it resonates with the collective spirit of all those working towards the well-being of our environment*."

The Nepal CMS VATAVARAN Green Ambassadors Award ceremony was a momentous occasion, bringing together environmentalists, policymakers, and other stakeholders to celebrate the accomplishments of those dedicated to environmental sustainability.

"*I didn't believe I received this award. This encouraged me to continue the work I have been doing for the conservation of red panda and educating people of my communities in conservation*" said Mr. Bhattarai after receiving the award.

The inaugural ceremony was attended by distinguished guests, including Minister for Forests and Environment Dr. Birendra Prasad Mahato, Dr. Deepak Kumar Kharal (Secretary Ministry of Forests and Environment) Cameron MacKay (Canadian Ambassador to Nepal), Sean Southey (Commission Chair, IUCN CEC), Dr. Dindo Campilan (Regional Director, IUCN Asia Regional Office), and Dr. P. N Vasanti (DG, CMS and Regional IUCN CEC Vice-Chair for S and SE Asia).

**For further information, contact:**
Sonam Tashi Lama, Conservation Program Manager, +977 9841843968, sonam.lama@redpandanetwork.org

Print and broadcast media contact:
Terrance Lee, Deputy Director, (877) 854-2391 Ext. 101, terrance@redpandanetwork.org

**Red Panda Network** protects wild red pandas and their habitat through the education and empowerment of local communities. Learn more about our work at www.redpandanetwork.org.

**प्रेस विज्ञप्ति: तत्काल रिलीजको लागि**

मंसिर २९, २०८०
५३९, दशरथ चन्द मार्ग,
बालुवाटार, काठमाडौं, ४४६००, नेपाल

**प्रेस विज्ञप्ति: प्रेस विज्ञप्ति: रेड पाण्डा नेटवर्कका वन अभिभावक सूर्य भट्टराईले जिते ग्रीन एम्बेसडर अवार्ड**

काठमाडौं, नेपाल – रेड पाण्डा संरक्षणको क्षेत्रमा उत्कृष्ट समर्पण र अथक प्रयासको कदर गर्दै, रेड पाण्डा नेटवर्कका वन अभिभावक, सूर्य भट्टराई प्रतिष्ठित नेपाल सी.एम.एस. वातावरण हरित पुरस्कारबाट सम्मानीत हुनु भएको छ।

उहाँले हाब्रे र यसको बासस्थानको संरक्षणमा लामो समय योगदान गर्नु भएको छ | जंगली जनावरहरूको संरक्षणमा गहिरो प्रतिबद्धता जनाउँदै एक समर्पित वन अभिभावकको रूपमा, उनले जैविक विविधता संरक्षण गर्न योगदान दिदैँ अरूलाई पनि सोहि बाटोमा हिँड्न प्रेरणा प्रदान गर्ने एक उदाहरण हुन सफल हुनुभएको छ।

पुरस्कार वितरण समारोह मंसिर २९ शुक्रबारका दिन काठमाडौंको नेपाल पर्यटन बोर्डमा सम्पन्न भएको भयो । भट्टराईलाई नेपाल सरकारको वन तथा वातावरण मन्त्री डा. वीरेन्द्रप्रसाद महतोले उक्त पुरस्कार प्रदान गर्नुभएको थियो।

सी.एम.एस. वातावरणले स्थानीय पहलहरूलाई (Grassroots initiative) मान्यता र प्रोत्साहन गर्न ग्रीन एम्बेसडर अवार्डहरू स्थापना गरेको हो । वातावरण संरक्षणमा महत्वपूर्ण योगदान पुर्याउने सूर्य भट्टराई जस्ता व्यक्तित्वहरूको प्रयासलाई  सम्मान गर्ने उद्देश्यले यो पुरस्कार प्रदान गरिएको हो ।

रेड पाण्डा नेटवर्कका कार्यकारी निर्देशक, आङ फुरी शेर्पाले भन्नुभयो, " हाम्रा वन अभिभावकहरुमध्ये एक महत्वपूर्ण सदस्यको रुपमा रेड पाण्डा संरक्षणमा उहाँको योगदान अतुलनिय रहेको छ |  यो पुरस्कार उहाँको संरक्षण यात्राको उत्सव हो | यसले हाम्रो वातावरण र हाब्रे संरक्षमा काम गर्ने सबैको सामूहिक योगदानलाई प्रतिध्वनित गर्दछ । "

'यो पुरस्कार पाएकोमा म एकदमै उत्साहित छु । यसले मलाई रेडपाण्डाको संरक्षण र आफ्नो समुदायका मानिसहरूलाई संरक्षणमा सचेत बनाउने कामलाई निरन्तरता दिन हौसला मिलेको छ", पुरस्कार पाएपछि भट्टराईले भन्नुभयो ।

समारोहमा वन तथा वातावरणमन्त्री वीरेन्द्रप्रसाद महतो, दिपक खराल (सचिव, नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय) क्यामरन म्याके (नेपालका लागि क्यानाडेली राजदूत), सिन साउथी (कमिशन अध्यक्ष, आई.यू.सी.एन. सी.ई.सी), डा. डिन्डो क्याम्पिलन (क्षेत्रीय निर्देशक, आई.यू.सी.एन. एशिया क्षेत्रीय कार्यालय), र डा. पी.एन. वसन्ती (महा निर्देशक, सी.एम.एस. र क्षेत्रीय आई.यू.सी.एन.सी.ई.सी. उपाध्यक्ष दक्षिण र दक्षिण पूर्व एशिया) लागायत विशिष्ट अतिथिहरुको उपस्थिति रहेको थियो ।

**थप जानकारीको लागि सम्पर्क गर्नुहोस्:**
सोनाम टासी लामा, संरक्षण कार्यक्रम प्रबन्धक, +९७७ ९८४१८४३९६८,
ईमेल: sonam.lama@redpandanetwork.org

**छापा र प्रसारण मिडिया सम्पर्क:**
टेरेन्स ली, उप-निर्देशक, terrance@redpandanetwork.org

रेड पाण्डा नेटवर्कले स्थानीय समुदायको शिक्षा र सशक्तिकरण मार्फत जंगली हाब्रे र तिनीहरूको बासस्थानको संरक्षणमा काम गर्दछ। www.redpandanetwork.org मा हाम्रो काम बारे थप जान्नुहोस्।